ज्ञानदीप, वर्ष १०(२), २०८१, ISSN 2382–543X

## मधेसतिर कथामा भावशबलता

उपप्रा. टीकाराम नेपाल
यालना विद्यापीठ (क्याम्पस), महोत्तरी
pranisnepal@gmail.com

https://doi.org/10.3126/gyandeep.v10i2.77326

### लेखसार

प्रस्तुत लेखमा विश्वेश्वरप्रसाद कोइरालाको 'मधेसतिर' कथालाई पाठका रूपमा लिई त्यसमा प्रयुक्त भावशबलताको अध्ययन विश्लेषण गरिएको छ । पूर्वीय साहित्यशास्त्रमा प्रस्तुत भावशबलतासम्बन्धी मान्यताका आधारमा 'मधेसतिर' कथामा प्रयुक्त विभिन्न भावहरूको खोजी गरी तिनको व्याख्या विश्लेषण गर्नु यस लेखको उद्देश्य हो । यसमा भावशबलतासम्बन्धी पूर्वीय साहित्यशास्त्रका आधारभूत मान्यतालाई सैद्धान्तिक ढाँचाका रूपमा अवलम्बन गरी पाठविश्लेषण गरिएको छ । विभिन्न भावको प्रयोग भई रसावस्थामा परिणत नभएका रचनालाई भावशबलताका दृष्टिले अध्ययन विश्लेषण गर्नु उपयुक्त मानिन्छ । यसै आधारलाई आत्मसात् गर्दै यहाँ विश्वेश्वरप्रसाद कोइरालाको 'मधेसतिर' कथालाई स्थायी तथा सञ्चारी भावहरूको शबलताको स्थितिका आधारमा अध्ययन विश्लेषण गरिएको छ । यस सन्दर्भमा स्थायी भाव तथा सञ्चारी भावलाई आधार मानेर भावशबलताको खोजी गरिएको छ । पात्रहरूका संवाद, क्रियाकलाप, चिन्तन, व्यवहार आदिका साक्ष्यलाई हेर्दा 'मधेसतिर' कथामा कुनै पनि स्थायी भाव रसावस्थामा पुगेको देखिँदैन । यसको सट्टा विभिन्न स्थायी एवम् सञ्चारी भावको प्रयोगबाट कथामा भावशबलताको स्थिति देखिएको निष्कर्ष प्रस्तुत अध्ययनको रहेको छ ।

*शब्दकुञ्जी :* अनुभाव, भावशबलता, विभाव, सञ्चारी भाव, स्थायी भाव ।

### विषयपरिचय

प्रस्तुत अध्ययनको उद्देश्य विश्वेश्वरप्रसाद कोइरालाको 'मधेसतिर' कथामा भावशबलताको खोजी गरी अध्ययन विश्लेषण रहेको छ । बाह्य जगत्को संवेदनाबाट मानव हृदयमा उत्पन्न हुने विकारलाई नै भावका रूपमा चिनिन्छ । व्यक्तिको विषयप्रतिको मानसिक प्रतिक्रियाका रूपमा रहने भाव सुखात्मक तथा दुःखात्मक आस्वादनसँग सम्बन्धित छ । साहित्यमा विशेषतः रसको अभिव्यक्तिका लागि रससामग्रीका रूपमा स्थायी भाव, विभाव, अनुभाव तथा व्यभिचारीभावको विशेष चर्चा पाइन्छ । स्थायीभावहरू विभावादि (विभाव, अनुभाव, व्यभिचारीभाव) द्वारा पुष्ट भएको अवस्थामा रसको अभिव्यक्ति हुन्छ । विभावादिबाट पुष्ट नभएको अवस्थामा भावहरू रस रूपमा परिणत हुन सक्दैनन् । कुनै पनि साहित्यिक रचनामा यस्ता विभिन्न भावहरूको क्रमशः प्रयोग भएको अवस्थालाई नै पूर्वीय काव्यशास्त्रमा भावशबलताका रूपमा चिनाइएको पाइन्छ ।

पूर्वीय काव्यशास्त्रले भावका सन्दर्भमा स्थायीभाव, विभाव, अनुभाव, व्यभिचारीभावको चर्चा गरेको भए तापनि विशेषतः स्थायीभाव र सञ्चारी भावलाई भावका विशेष उदाहरण मानिन्छ । यसअनुसार स्थायी भावअन्तर्गत रति, हास, शोक, क्रोध, उत्साह, भय, घृणा (जुगुप्सा), विस्मय र शम पर्दछन् । त्यस्तै निर्वेद, आवेग, दैन्य, श्रम, मद, जडता, उग्रता, मोह, विबोध, स्वप्न, अपस्मार, गर्व, मरण, आलस्य, अमर्ष, निद्रा, अवपहत्था, औत्सुक्य, उन्माद, शङ्का, स्मृति, मति, व्याधि, सन्त्रास, व्रीडा, हर्ष, असूया, विषाद, धृति, चपलता, ग्लानि, चिन्ता र वितर्क गरी सञ्चारी भावहरू

*नेपाली विभाग, महेन्द्र बहुमुखी क्याम्पस, धरान ।*

ज्ञानदीप, वर्ष १०(२), २०८१, ISSN 2382–543X

तेत्तिसओटा रहेका छन् । यिनै स्थायी तथा सञ्चारी भावका आधारमा कुनै पनि रचनाको भावशबलताको उद्‌घाटन गर्न सकिन्छ ।

विश्वेश्वरप्रसाद कोइराला नेपाली साहित्यमा ख्याति प्राप्त प्रतिभा हुन् । वि.सं. १९९२ सालमा शारदा पत्रिकामा 'चन्द्रवदन' शीर्षकको कथा प्रकाशित गरी नेपाली कथा साहित्यमा औपचारिक प्रवेश गरेका कोइरालाका *दोषी चस्मा* (वि.सं. २००६) र *श्वेत भैरवी* (वि.सं.२०३९) कथा सङ्ग्रह प्रकाशित छन् । मनोवैज्ञानिक यथार्थवादी कथा लेखनमा विशिष्ट योगदान पुऱ्याएका कोइरालाका कथामा विशेषतः यौन मनोविज्ञानले स्थान पाएको देखिन्छ । कोइरालाको 'मधेसतिर' कथा *दोषी चस्मा* कथा सङ्ग्रहमा सङ्गृहीत छ ।

वि.सं. १९९८ सालमा *खोजी* पत्रिकामा प्रकाशित यस कथामा तत्कालीन नेपाली समाजका विविध समस्यालाई प्रभावकारी ढङ्गले चित्रण गरिएको छ । काम र मामको खोजीमा पहाडबाट मधेसतिर हिँडेका पुरुषहरूको समूहको एक सदस्य (गोरे) लाई अधबैँसे विधवा नारीले विवाह प्रस्ताव राखेको तर त्यस युवा (गोरे) ले ती नारीसँग रहेको गहना र रुपियाँको पोको लिएर भागेको घटनालाई कथामा प्रभावकारी भङ्गले वर्णन गरिएको छ । यस कथामा विधवा, गोरे जस्ता पात्रहरूको संवाद तथा घटनाको वर्णन आदिमा रति, शोक, हास जस्ता स्थायी तथा शङ्का, मोह, जडता जस्ता सञ्चारी भावहरूको प्रयोग पाइन्छ । दयाराम श्रेष्ठ (२०६७) ले विश्वेश्वरप्रसाद कोइरालाका कथाको कथावस्तुको निर्मितिमा मानसिक द्वन्द्वको ठुलो भूमिका रहने कुरा उल्लेख गरेका छन् । शारदा खनाल (२०७९) ले सीमान्तीयताको अध्ययन गर्दै यस कथामा विधवाको घरजम गरेर बस्ने इच्छालाई चित्तवृत्तिगत परिवेश रहेको उल्लेख गरेकी छन् । ध्रुवराज गौतम (२०८१) ले रचनाविधानको अध्ययनका क्रममा 'मधेसतिर' कथामा परस्पर विरोधी भाव तथा विचार लिएका पात्रहरू रहेको उल्लेख गरेका छन् । यसरी यस कथामा रति, शोक, हास, शङ्का, मोह जस्ता भावहरूको प्राचूर्य रहे तापनि तिनका बारेमा हुनुपर्ने अध्ययनको रिक्ततालाई पूर्वकार्यहरूले पूरा गर्न सकेको देखिँदैन । यहाँ प्रयोग भएका विभिन्न भावहरूले भावशबलतालाई कसरी उद्‌घाटन गरेको छ भन्ने प्राज्ञिक जिज्ञासा सिर्जना भएको छ । यही जिज्ञासाको समाधानका लागि 'मधेसतिर' कथामा स्थायी तथा सञ्चारी भावहरूको प्रयोगबाट भावशबलताको अध्ययन विश्लेषण गर्ने उद्देश्य यस लेखको रहेको छ ।

## अध्ययनविधि र सैद्धान्तिक पर्याधार

प्रस्तुत आलेखमा सामग्री सङ्कलनको पुस्तकालयीय स्रोतलाई अङ्गीकार गरिएको छ । गुणात्मक पद्धतिमा आधारित यस लेखमा विषयवस्तु विश्लेषणविधिको प्रयोग गरिएको छ । यस सन्दर्भमा विश्वेश्वरप्रसाद कोइरालाको मधेसतिर कथालाई प्राथमिक स्रोतका रूपमा लिइएको छ भने रस तथा भावशबलतासम्बन्धी पूर्वीय साहित्यसिद्धान्तका अन्य कृतिहरूलाई द्वितीयक स्रोतका रूपमा अङ्गीकार गरिएको छ । भावशबलता भनेको के हो भन्ने कुरा यसको सैद्धान्तिक जानकारी दिने कृतिबाट लिइएको छ भने त्यसको पुष्टि विश्वेश्वरप्रसाद कोइरालाकै 'मधेसतिर' कथाबाट गरिएको छ ।

कुनै वस्तु वा विषयको अस्तित्वको स्थितिलाई भावका रूपमा चिनिन्छ । साहित्यका सन्दर्भमा रससामग्रीअन्तर्गत भावहरूको विशेष व्याख्या विश्लेषण गरिएको पाइन्छ । नाट्यशास्त्रका लेखक भरतमुनिकाअनुसार 'हुने' वा 'भावित गर्ने' नै भाव हो र यो सहृदयको चित्तमा व्याप्त हुन्छ (नगेन्द्र, सन् १९६४, पृ.२१७)। हृदयमा वासनाका रूपमा रहने स्थायी भाव नै विभाव, अनुभाव र सञ्चारी भावको सहायताबाट रस रूपमा परिणत हुन्छ । विभाव आदिबाट पुष्ट नभई अङ्कुरित मात्र भएको अवस्थासम्म स्थायी भावहरू रसावस्थामा नपुगी भावको कक्षामा सीमित रहन्छन् (शर्मा, २०५८, पृ.१६०) । भरतले स्थायी भाव, सञ्चारी भाव र सात्त्विक भावलाई खास गरी

*नेपाली विभाग, महेन्द्र बहुमुखी क्याम्पस, धरान ।*

ज्ञानदीप, वर्ष १०(२), २०८१, ISSN 2382–543X

भावका रूपमा चिनाएका छन् (नगेन्द्र,  सन् १९६४, पृ.२१८)। विभाव, स्थायी भाव, अनुभाव, व्यभिचारी भावलाई स्फुट रूपमा व्यक्त गर्ने भएकाले यसलाई चित्तवृत्तिको द्योतक कारण मानिन्छ । त्यस्तै विभिन्न प्रकारका अभिनयद्वारा वा काव्यका सन्दर्भमा वर्णन विशेषद्वारा काव्य पाठकलाई साक्षात्कार गराउने उपकरणलाई अनुभावका रूपमा चिनाइएको पाइन्छ (गडतौला, २०७१, पृ.१७) । भाव, हाव, शोभा जस्ता अनुभावलाई समेत भावको कोटिमा राखेको पाइन्छ । यद्यपि वाचिक, आङ्गिक तथा सात्त्विक अभिनय रूप अनुभावद्वारा नै भाव निष्पन्न वा गम्य हुन्छ (नगेन्द्र, सन् १९६४, पृ.२१७) भन्ने विचारसमेतलाई हेर्दा अनुभावलाई भावअन्तर्गत विश्लेषण नगर्नु उपयुक्त देखिन्छ । स्थायी र सञ्चारीलाई भावका रूपमा चिनाउने कार्यमा अधिकांश आचार्यहरूको मतैक्य पाइन्छ (नगेन्द्र, सन् १९६४, पृ.२१९) । भरतमुनिले रति, हास, शोक, क्रोध, भय, जुगप्सा, विस्मय जस्ता स्थायी भावहरूलाई श्रेष्ठ भाव मानेका छन् भने सञ्चारी भावअन्तर्गत निर्वेद, ग्लानि, शङ्का, असूया, मद, श्रम, आलस्य, दैन्य, चिन्ता, मोह, स्मृति, धृति, व्रीडा, चपलता, हर्ष, आवेग, जडता, गर्व, विषाद, औत्सुक्य, निद्रा, अपस्मार, सुप्त, विबोध, अमर्ष, अवहित्था, उग्रता, मति, व्याधि, उन्माद, मरण, त्रास, वितर्क गरी तेत्तिस ओटा व्यभिचारी भावको चर्चा गरेका छन् (भट्टराई, ०७७, पृ.१४८) ।

स्थायी भाव रस रूपमा परिणत भएको स्थिति सबै रचनामा देखिँदैन । यस अवस्थामा विभिन्न भावहरू रसपरिपाक नभई भावकै कोटिमा मात्र सीमित बन्न पुग्दछन् । धेरै भावहरूको लहरै भएको वर्णनलाई नै पूर्वीय काव्यशास्त्रमा भावशबलताका रूपमा चिन्ने गरिएको छ (शर्मा, २०५८, पृ.१६०) । अलङ्कारवादी आचार्यहरूले समेत यस्ता भावहरूको प्रयोगावस्थालाई आफ्नो अध्ययनमा समेटेको पाइन्छ । उनीहरूले मुख्य भावसँग उनिएका अनेकौँ अङ्ग भावहरूलाई भावशबलता नामक अलङ्कारको प्रकारअन्तर्गत राखेको पनि देखिन्छ (शर्मा, ०५८, पृ.२४५)। काव्यशास्त्री विश्वनाथले भावहरूको मिश्रणको अवस्थालाई भावशबलताका रूपमा चिनाएका छन् (विश्वनाथ, सन् १९५७ पृ. २७६) । रसगङ्गाधरः नामक पुस्तकका लेखक जगन्नाथले भावशबलताका विषयमा गहन विचार प्रस्तुत गरेको पाइन्छ । परस्पर विरोधी भएका कारण एकअर्काको बाधक हुँदा अथवा परस्पर बाधक वा सहायक नहुँने स्थितिका अनेक भावहरूको मिश्रणको अवस्थालाई उनले भावशबलताका रूपमा चिनाएका छन् (जगन्नाथ, सन् १९५५, पृ. ३५०)। वस्तुतः भावहरूको क्रमशः प्रयोगको स्थिति नै भावशबलता हो । यस्ता भावहरू रस रूपमा परिणत भएका हुँदैनन् भने यी अस्थिर किसिमले प्रयुक्त हुन्छन् । पूर्वीय साहित्यशास्त्रले स्थायी भाव र सञ्चारी भावहरूलाई नै समग्रमा भावका विशिष्ट उदाहरण मानेको पाइन्छ । प्रस्तुत आलेखमा यिनै भावहरूका आधारमा ‘मधेसतिर’ कथाको भावशबलताको स्थिति विश्लेषण गरिएको छ ।

## परिणाम र विमर्श

विश्वेश्वरप्रसाद कोइरालाको ‘मधेसतिर’ कथामा काम र मामको खोजीमा पहाडबाट मधेसतिर हिँडेका पुरुषहरूको समूहको एक सदस्य (गोरे) लाई अधबैँसे विधवा नारीले विवाह प्रस्ताव राखेको तर त्यस युवा (गोरे) ले ती नारीसँग रहेको गहना र रुपियाँको पोको लिएर भागेको घटना वर्णित छ । कथामा विधवाले गोरेप्रति गरेको व्यवहारमा रतिभाव, विधवाको इच्छा पूरा गर्ने धनमाल हराउँदा शोक भाव, यात्रीहरूले मधेसलाई देख्दा विस्मय भाव प्रकट भएको छ । त्यस्तै कथामा विधवाले गोरेलाई आफ्नो बनाउन आतुर बन्दा औत्सुक्य भाव, बुढा नामक पात्रले मधेसलाई देखेर पहिलाका कुरा सम्झँदा स्मृति भाव, धनमाल हराउँदा विधवामा ग्लानि भाव आदिको प्रकटीकरण भएको छ । भावहरूको यस किसिमको प्रयोगले प्रस्तुत कथा भावशबलताका दृष्टिले विश्लेषणीय रहेको देखिन्छ । त्यसैले यस लेखमा स्थायी तथा सञ्चारी भाव उपशीर्षकमा ती भावका विभिन्न प्रकारलाई तथ्यका आधारमा विमर्श गरिएको छ  र त्यसैका आधारमा निष्कर्षसम्म पुगिएको छ ।

*नेपाली विभाग, महेन्द्र बहुमुखी क्याम्पस, धरान ।*

ज्ञानदीप, वर्ष १०(२), २०८१, ISSN 2382–543X

**मधेसतिर कथामा स्थायी भाव**

रस रूपमा परिणत हुन सक्ने योग्यता भएका भावहरूलाई स्थायी भावका रूपमा चिनिन्छ । हृदयमा वासनाका रूपमा स्थित हुने यस्ता भावलाई अन्य कुनै प्रकारका विरोधी भावहरूले दबाउन सक्दैनन् (गडतौला, २०७१, पृ.२५) । अरू भावहरूलाई पनि आफूमा समाहित गर्न सक्ने यस्ता भावहरू अन्य भावहरूमा अन्तर्निहित नहुने किसिमका हुन्छन् । 'मधेसतिर' कथामा रति, शोक, विस्मय, हाँसोजस्ता स्थायी भावको प्रयोग देख्न सकिन्छ ।

नारी पुरुषमा परस्पर आकर्षणको भावलाई रति भनिन्छ । यो काम वासनासँग सम्बद्ध छ (गडतौला, ०७१, पृ.२७) । 'मधेसतिर' कथामा विधवा गोरेप्रति आकर्षित भएकी छन् । कथामा विधवाले गोरेलाई अरूभन्दा बढी चिउरा थपिदिँदै भन्छिन्, "तिमी जवान छौ । तिमीलाई अरूभन्दा बढ्ता भोक लाग्दो हो" (कोइराला, २०६६, पृ. ९२) । यात्रामा रहेका पुरुषहरूको समूहमा गोरे पच्चिस वर्षको जवान भएकोले पनि विधवा उसप्रति विशेष आकर्षित देखिन्छन् । उनी पुरुष समूहमा आएर उनी भन्छिन्, "मेरो पनि कोही साथी नभएकाले तिमीहरूनेर आएर सुतेँ । रातभरि तिमीहरूको माया लागिरह्यो" (कोइराला, २०६६, पृ. ९२) । यस कथनबाट पनि विधवामा रहेको कामवासना अभिव्यक्त भएको छ । उनमा रतिभाव स्पष्ट झल्किएको छ । अझ विधवाले गोरेलाई प्रेम प्रस्ताव राख्दै भन्छिन्, "के म तिम्रो लायक छैन र ? मेरो उमेर धेरै भएर के भयो त ? मैले आफ्नो शरीर जोगाएर राखेकी छु । मेरो लोग्ने मरेदेखि मलाई कसैले छुन पाएको छैन । मेरो सन्तान पनि कोही भएन । त्यसो हुनाले शरीर बिग्रन पाएन" (कोइराला, २०६६, पृ. ९२) । यस भनाइले पनि विधवामा रतिभावको स्थिति प्रगाढ रूपले अभिव्यक्त गरेको छ । त्यस्तै गहना चोरिएकी विधवालाई बुढाले विधवाको काँधमा हात राखेर मधेसमा गएपछि चाहना पूरा हुने सान्त्वना दिँदा रति भाव नै व्यक्त भएको छ ।

'मधेसतिर' कथामा शोकभाव प्रभावकारी देखिन्छ । भरतकाअनुसार वैभवको विनाश, इष्टजनको वियोग आदिबाट उत्पन्न हुने दुःख नै शोक हो (गडतौला, ०७१, पृ. २७)। विधवाले मधेसमा गएर गोरेसँग घरजम गरी बस्ने सपना सजाएकी छिन् । गोरेलाई आकर्षण गर्न उनीसँग तिस वर्षको अधबैँसे शरीरका साथ गरगहना र रुपियाँ पनि छ । तर सँगै वास बसेका ठाउँबाट बिहान हेर्दा गोरे हुँदैन र विधवासँग भएको गहना र रुपियाँको पोको पनि हुँदैन । यसले उनमा शोक भाव प्रकटिएको छ । उनी रुन्चे स्वरमा गहनाको पोको हराएको कुरा सहयात्रीहरूलाई सुनाउँछिन् र बुढा (पात्रको नाम) सँग चिच्याएर रिसाउँदै कुरा गर्छिन् । विधवा भन्छिन्, "त्यस गहनाले मैले के के गरुँला भन्ने विचार गरेकी थिएँ, खेती किनुँला, बिहा गरुँला, घर जमाउँला, छोरा पाउँला । मेरो सारा आशा नष्ट भयो" (कोइराला, २०६६, पृ. ९५) । गहना र रुपियाँको आडले भए पनि पति प्राप्त गर्न सकिन्छ, यदि पति प्राप्त नभए पनि त्यसले मधेसमा बस्दा सहजता ल्याउँछ भन्ने विधवाको विचार थियो । अचानक गहना हराउँदा विधवाको आशा र भरोसामा तुसारोपात भई शोकको भाव देखिएको छ ।

'मधिसतिर' कथामा विस्मयको भाव पनि प्रकटिएको छ । कुनै रहस्यमय कुरा देख्दा त्यसको अनौठोपनले मानिसको चित्तवृत्तिलाई आकर्षण गरेको अवस्थालाई विस्मय भावका रूपमा चिनाइएको पाइन्छ (गडतौला, ०७१, पृ.२९)। कुनै टाकुरामा पुगेपछि बुढाले दक्षिणतिरको विस्तीर्ण मैदानलाई देखाएर भन्छन्, "ऊ त्यही हो मधेस । त्यहीँ हाम्रो उद्धार हुन्छ । त्यहीँ हामी अघाउन्जेल खान पाउँछौँ" (कोइराला, २०६६, पृ. ९६) । बुढाको कुरा सुनेर विधवाले पनि रुपियाँ र गहनाको पोको हराएको पीडाका बिच पनि दक्षिणतिरको मधेसलाई हेरेकी छन् । यी घटनाहरूले विस्मयको भावलाई अङ्गीकार गरेको देख्न सकिन्छ । त्यस्तै बिहान उठेर कसरी पेट भर्ने भन्ने विषयमा गोरे, बुढा, भोटे, धनेका बिचमा कुरा हुन्छ । यसमा विधवाले "तिमीहरू घरबाट हिँड्दा पेट भर्ने के उपाय गरेर हिँडेका थियौ ? के खाउँला भनी

ज्ञानदीप, वर्ष १०(२), २०८१, ISSN 2382–543X

ठानेका थियौ ?" (कोइराला, २०६६, पृ. ९१) भनी प्रश्न गर्दा सबै विस्मित भएका छन् । उनीहरू एकातिर विधवाको यात्राको व्यवस्थापन देखेर विस्मित छन् भने अर्कातर्फ आफूहरूको बिना योजना र तयारीको यात्राबाट पनि विस्मयमा परेका छन् । त्यस्तै कुराकानीको सिलसिलामा अचानक विधवाले गोरेलाई हामी दुईजना मिलेर घर चलाऔँ भन्ने कुरा राख्दा गोरेमा विस्मयको भाव विकसित भएको छ । यसरी प्रस्तुत कथामा विस्मयको भाव प्रभावकारी रूपमा आएको देखिन्छ ।

'मधेसतिर' कथामा हास भाव प्रकटिएको देखिन्छ । प्रसिद्ध विद्वान् रामचन्द्र र गुणचन्द्रले आनन्द र उन्मादबाट उत्पन्न मनोदशालाई हास मानेका छन् भने भरतले अरूको क्रियाको नक्कल, व्यर्थको गफ, मूर्खता आदिबाट उत्पन्न हुने भाव मानेका छन् (गडतौला, ०७१, पृ.२९)। "सुनकोसीलाई तर्न सक्ने कोही कोही मात्र होलान् तर तामाकोसीलाई दह्रो तिघ्रा भएको जसले पनि तर्न सक्थ्यो" (कोइराला, २०६६, पृ. ९१) भन्ने कथाकारको भनाइमा हास भाव प्रकट भएको छ । यहाँ अभिव्यक्त दह्रो तिघ्रा भन्ने शब्द समूहले घुमाउरो र हाँसोबोधक अर्थ प्रदान गरेको छ । त्यस्तै "सूर्यको किरण पर्नासाथ पृथ्वीका पाप्रा उप्केजस्तो गरेर नदीका किनारमा घुमलुङ्ग परेर सुतेका चार पाँच जना उठे" (कोइराला, २०६६, पृ. ९१) भन्ने प्रसङ्गमा पनि हास भाव व्यक्त भएको देखिन्छ । सुतेर उठ्ने कार्यलाई पृथिवीका पाप्रासँग तुलना गरेकाले यहाँ हास भाव प्रकट भएको छ । त्यस्तै कथाकार लेख्छन्, "कानसम्म मुखको कुना पुऱ्याएर मुखभरि चाउरी पारेर तिनीहरू हाँसिरहे" (कोइराला, २०६६, पृ. ९६) । यस अभिव्यक्तिमा पनि हास भाव देख्न सकिन्छ । कानसम्म मुखको कुना पुऱ्याउने अतिशयोक्तिले हाँसोको भावलाई प्रश्रय दिएको छ ।

'मधेसतिर' कथामा क्रोधको भाव पनि विकसित बनेको देखिन्छ । भरतकाअनुसार झम्टनु, गाली गर्नु, भगडा गर्नु जस्ता प्रतिकूल विभाव आदिबाट क्रोध उत्पन्न हुन्छ (गडतौला, ०७१, पृ.२९) । गहना र रुपियाँको पोको चोरेर गोरे भागेपछि विधवा रोएका बेला बुढाले सम्झाउँदै चोरिने सामान चोरिएपछि रोएर फर्कँदैन भन्ने कुरा बताउँछ । बुढाको यो कुरा सुन्नासाथ विधवा रिसले चिच्याउँदै 'चुप लाग बुढा' भन्दै थर्काउँछिन् । यहाँ विधवामा क्रोधको भाव प्रबल देखिन्छ ।यसै गरी कथामा घृणा भाव पनि देख्न सकिन्छ । घृणित वस्तु देख्दा उत्पन्न हुने मानसिक विकारलाई जुगुप्सा (घृणा) भावका रूपमा चिनिन्छ (गडतौला, २०७१, पृ.२९) । कथामा विधवाले भनेकी छन्, "मधेसतिर हिँडेकी, पोइ छैनन् । सासूससुराले फुटेको आँखाले हेर्दैनन् । देवर रुखो माया गर्थ्यो तर पोइ नभएको घरमा टिक्न सकिनँ" (कोइराला, २०६६, पृ. ९२) । यहाँ सासूससुराप्रति विधवाको घृणाभाव व्यक्त भएको छ । बुहारीलाई पटक्कै मन नपराउने सासूससुराको व्यवहारको वर्णनबाट यस्तो भाव प्रकट भएको हो । त्यस्तै रुखो माया गर्ने भएकाले देवरप्रति पनि विधवाको घृणाभाव नै देखिएको छ ।

**मधेसतिर कथामा सञ्चारी भाव**

सञ्चरण भइरहने भावलाई सञ्चारी भाव भनिन्छ । व्यभिचारी भावका रूपमा समेत चिनिने यो भाव रसलाई परिपुष्टतातर्फ लैजाने भावका रूपमा लिएको पाइन्छ । भरतले यसलाई शाब्दिक, आङ्गिक एवं मानसिक भावसँग जोडिएर रससम्म पुग्ने भएकाले व्यभिचारी भएको उल्लेख गरेका छन् (गडतौला, ०७१, पृ. १८) । निर्वेद, ग्लानि, शङ्का, असूया, मद, श्रम, आलस्य, दैन्य, चिन्ता, मोह, स्मृति, धृति, व्रीडा, चपलता, हर्ष, आवेग, जडता, गर्व, विषाद, औत्सुक्य, निद्रा, अपस्मार, सुप्त, विबोध, अमर्ष, अवहित्था, उग्रता, मति, व्याधि, उन्माद, मरण, त्रास, वितर्क गरी तेत्तिस किसिमका सञ्चारी भावहरूको चर्चा पाइन्छ । 'मधेसतिर' कथामा यस्ता केही भावहरूको प्रभावकारी उपस्थिति देख्न सकिन्छ । केही यस्ता भावहरूलाई साक्ष्यहरूमार्फत् यहाँ विश्लेषण गरिएको छ ।

*नेपाली विभाग, महेन्द्र बहुमुखी क्याम्पस, धरान ।*

ज्ञानदीप, वर्ष १०(२), २०८१, ISSN 2382–543X

'मधेसतिर' कथामा आवेग भाव प्रकट भएको देखिन्छ । यसमा अङ्गप्रत्यङ्ग सङ्कुचन हुने, फुल्ने, काम्ने, खुसी, दुःखी आदि कार्य हुन्छन् (गडतौला, ०७१, पृ.२१) । विश्लेष्य कथाकी पात्र विधवामा आफ्नो गहनाको पोको हराएपछि यस्तो भाव प्रकटीकरण भएको देख्न सकिन्छ । विधवाले रुन्चे स्वरमा आफ्नो गहनाको पोको हराएको कुरा बुढा नामक पात्रलाई सुनाएकी छन् भने बुढाले गोरेले चोरेको अनुमान गर्दा विधवा रिसले आगो भएकी छन् । त्यस्तै विधवा रिसले चिच्याउँदै बुढालाई भन्छिन्, "चुप लाग बुढा । त्यस गहनाले मैले के के गरुँला भन्ने विचार गरेकी थिएँ (कोइराला, २०६६, पृ. ९५) । यहाँ विधवाका रिसाउने, कराउने, रुन्चे हुने जस्ता क्रियाकलापले आवेग भावलाई प्रस्ट पारेको छ । विधवाले बुढा र अन्य पात्रप्रति देखाएको खुसी हुने, दुःखी हुने, रुने, कराउने जस्ता व्यवहारबाट कथामा आवेग भावको प्रभावकारी प्रकटीकरण देख्न सकिन्छ ।

'मधेसतिर' कथामा श्रमभाव पनि देख्न सकिन्छ । यस भावमा रति, हिँडाइ आदिबाट सास बढ्ने, निद्रा लाग्ने जस्तो कार्य हुन्छ (गडतौला, २०७१, पृ.२२) । प्रस्तुत कथामा भोटे, धने, विधवा, गोरे र बुढा मधेस जानका लागि पहाडबाट हिँडिरहेका हुन्छन् । यस क्रममा गोरे ज्यादै थाकेको छ । ऊ गोडा घसारी सबैभन्दा पछितिर हिँडिरहेको देखेर विधवाले भनिन्, "के थाक्यौ गोरे । घाम पनि अग्घोर छ । तिम्रो टाउको तात्यो होला, लौ लेऊ, यो कपडा टाउकोमा राख" (कोइराला, २०६६, पृ. ९३) । यस भनाइले यहाँका पात्र हिँडाइले थकित भएको देखिन्छ । यी घटनाक्रमले यहाँ श्रम भाव अभिव्यक्त भएको स्पष्ट हुन्छ । त्यस्तै केही दिनको हिँडाइले थकित गोरेप्रति टिप्पणी गर्दै कथाकारले कथामा भनेका छन्, "त्यसको खपटे गाला धेरै दिनको परिश्रमले झन् तल भासिएको थियो, आँखा ज्योतिहीन थिए"(कोइराला, २०६६, पृ. ९३) । यस अंशमा गोरेको थकित अवस्थालाई वर्णन गरिएको छ । लामो समयको हिँडाइबाट उसको शारीरिक अवस्थामा समेत परिवर्तन आउन थालेको विचार कथाकारको छ । अतः यस अंशले श्रमभावलाई अभिव्यक्त गरेको छ । त्यस्तै कथामा हिँडाइपछि आकाशलाई नै छानो बनाएर यहाँका पात्रहरू सुतेको, धेरै थाकेकाले उनीहरू सुत्नासाथ निदाएको वर्णन रहेको छ । यी कुराले श्रमभावलाई सशक्त बनाएको देखिन्छ ।

'मधेसतिर' कथामा औत्सुक्य भावसमेत देख्न सकिन्छ । कुनै कुरा पाउनका लागि आतुर हुने अवस्था नै औत्सुक्य हो (गडतौला, ०७१, पृ.२३) । कथाकी पात्र विधवा गोरेलाई पाउन आतुर छिन् । उनी गोरेसँग विवाह गरेर घरबार गर्न चाहन्छिन् । विधवा भन्छिन्, "गोरे ! मसँग अलिकति गहना पनि छ । रुपियाँ पनि छ, त्यसैले गएर खेती किनौँला, घरबार बनाउँला । तिमी मेरो भयौ भने यो सबै तिम्रो हुन्छ" (कोइराला, २०६६, पृ. ९४) । उनको गोरेप्रतिको आकर्षण र घरबार गर्ने आतुरता कथामा अभिव्यक्त भएको पाइन्छ । त्यस्तै कथामा बुढोलगायतका पात्र मधेस पुग्न आतुर रहेको कुरा व्यक्त गरिएको छ । बुढाले ठुलो विस्तीर्ण मैदानलाई देखाएर त्यही हो मधेस भनेपछि भोटे, धनेजस्ता पात्रहरू त्यहाँ पुग्नलाई आतुर देखिन्छन् । उनीहरूमा उत्साहका आभा दगुर्छन् । भोकले सुकेका गालामा पनि आनन्दको गुलाफी रङ्ग देखिन्छ ।

'मधेसतिर' कथामा स्मृतिभाव झल्किएको छ । पुरानो कुराको सम्झनालाई स्मृतिका रूपमा चिनिन्छ (गडतौला, २०७१, पृ.२३) बुढा नामक पात्रले आफू पहिला मधेसतिर गएको कुराको स्मृति गरेको छ । बुढो पात्र विगतलाई सम्झँदै भन्छ, "मधेसमा पेटभरि खान पाइन्छ । म एकचोटि भारी बोकेर मधेस गएको थिएँ" (कोइराला, २०६६, पृ. ९२) । यहाँ बुढाले पुरानो कुरालाई सम्झेकाले स्मृति भाव देखिएको छ । त्यस्तै विधवाले पनि आफ्नो विगतलाई सम्झँदै भन्छिन् "पोइ छैनन् । सासूससुरा फुटेको आँखाले हेर्दैनन् । देवर रुखो माया गर्थ्यो, तर पोइ नभएको घरमा टिक्न सकिनँ" (कोइराला, २०६६, पृ. ९३) । यहाँ विधवाले आफ्नो विगतलाई वर्णन गरेकाले स्मृति भावले स्थान पाएको छ । त्यस्तै बुढाले आफ्नो विगतलाई कथामा वर्णन गरेको देखिन्छ । उनले एकचोटि निकै पैसा कमाएको, सत्र

ज्ञानदीप, वर्ष १०(२), २०८१, ISSN 2382–543X

रोपनी खेती गरेको र पछि त्यसै बिग्रेको कुरा कथामा वर्णित छ । यसले पनि कथामा स्मृति भावलाई नै घनीभूत बनाएको देखिन्छ ।

'मधेसतिर' कथामा ग्लानिको भाव पाउन सकिन्छ । शारीरिक दुर्बलतालाई ग्लानिका रूपमा चिन्ने गरिन्छ (गडतौला, ०७१, पृ.२५) । गोरेले गहना र रुपियाँ चोरेर भागेपछि विधवामा जोस जाँगर मरेको छ । उनको मधेसमा गएर घरद्वार गर्ने इच्छा पूरा हुनेमा शङ्का उत्पन्न भएको छ । उनी टोलाएर उभिएको र बिना उत्साह बुढाको पछि पछि लागेर हिँडेको कुरा कथामा वर्णित छ । यात्राका क्रममा गोरेमा पनि शारीरिक दुर्बलता देखिएको छ । ऊ सबैभन्दा पछाडि गोडा घसारी घसारी हिँडिरहेको वर्णन कथामा रहेको छ । त्यस्तै दिनभरको हिँडाइपछि आकाशलाई छानो बनाएर बाटोकै छेउमा सबैजना सुतेको कुरा कथामा वर्णित छ । यस प्रसङ्गमा पात्रहरूप्रति कथाकार लेख्छन्, "दिनभरि हिँडेको हुनाले तिनीहरू सुत्न पनि पाएका थिएनन् । भुसुक्क निदाए" (कोइराला, २०६६, पृ. ९५) । यहाँ पात्रहरू थकित भएकाले नै भुसुक्क निदाउने स्थितिमा पुगेको वर्णनले ग्लानिभाव प्रकटिएको बुझिन्छ ।

'मधेसतिर' कथामा दैन्यभाव प्रगाढ रूपले अभिव्यक्त भएको पाइन्छ । शरीर आदिमा देखिने मलीनताको भावलाई दैन्य भनिन्छ (गडतौला, २०७१, पृ.२२) । कथामा गोरेको वर्णन गर्ने क्रममा यो भाव आएको पाइन्छ । कथामा भनिएको छ, "गोरेको खपटे गाला धेरै दिनको कठिन परिश्रमले झन् भित्र भासिएको थियो । आँखा ज्योतिहीन थिए" (कोइराला, २०६६, पृ. ९३) । प्रस्तुत वर्णनबाट गोरेमा दैन्यभाव देखिएको छ । गहना र रुपियाँको पोको हराउँदा विधवामा पनि दैन्यभाव देखिन्छ । पोको हराएपछि विधवाको हृदय ढक्क भएको वर्णन कथामा गरिएको पाइन्छ ।यसै गरी प्रस्तुत 'मधेसतिर' कथामा चिन्ता भाव प्रगाढ देखिन्छ ।

चिताएको कुरा नपाउँदा हुने विचारलाई चिन्ता भनिन्छ (गडतौला, २०७१, पृ.२५)। विधवाले मधेसमा गएर आफूसँग भएको गहना र रुपियाँले घरखेत किनुँला, विवाह गरुँला भन्ने सोचेकी थिइन् । उनको गहना र रुपियाँको पोको हराउँदा यी सबै सपनामा नै सीमित रहेको वर्णन कथामा छ । कथामा लेखिएको छ - "विधवामा उत्साह थिएन । आफ्नो उमेर ढलिसकेको थियो । उनले तिनै गहना र रुपियाँको आकर्षणले कुनै युवकलाई तानेर आफ्नो बनाउने इच्छा गरेकी थिइन् । आफ्नो सानै उमेरदेखिको सपनालाई – आफ्नो सानो घर, छोराछोरी – सफल बनाउने इच्छा गरेकी थिइन् । सब तासको घर झैँ भताभुङ्ग भयो" (कोइराला, २०६६, पृ.९६) । यहाँ विधवाले आफ्नो जीवनको योजना मनमन बनाएको र त्यो पूरा हुन नसकेको कुरालाई सुन्दर ढङ्गले प्रस्तुत गरिएको छ । आफ्नो सपना तासको घर झैँ भताभुङ्ग भएपछि विधवा चिन्ताले ग्रस्त बन्नपुगेको भाव यहाँ व्यक्त भएको पाइन्छ ।

'मधेसतिर' कथामा जडताको भाव सबल रूपमा प्रकट भएको छ । अन्योल चित्तवृत्तिको अवस्था नै जडता हो, जसमा एकोहोरो हुनु, चुपलाग्नु जस्ता कार्य हुन्छन् (गडतौला, २०७१, पृ.२२)। प्रस्तुत कथामा विधवाले पटक पटक गोरेसँग विवाह गरी घरबार गर्ने प्रस्ताव राख्छिन् । गोरेले यस कुराको खासै प्रतिक्रिया दिँदैन । यसबाट विधवाको मुख रुन्चे हुन्छ । उनको मुख रातो हुन्छ । मुन्टो तल गाडेर उनी धेरैबेरसम्म नबोली हिँड्छिन् । गोरेको यस्तो व्यवहारबाट विधवामा जडताको स्थिति देखिएको छ । त्यस्तै गहना र रुपियाँको पोको हराएपछि विधवामा जडताको स्थिति देखापर्छ । त्यस घटनापछि उनी टोलाएर उभिन्छिन् र केही नलागेपछि बुढाको पछि लागेर हिँड्न थाल्छिन् । यस घटनाबाट विधवामा जडताको स्थिति पैदा भएको बुझ्न सकिन्छ ।

*नेपाली विभाग, महेन्द्र बहुमुखी क्याम्पस, धरान ।*

ज्ञानदीप, वर्ष १०(२), २०८१, ISSN 2382–543X

## निष्कर्ष

भावहरूको क्रमशः प्रयोगको स्थिति नै भावशबलता हो । कृतिमा कुनै पनि रसको परिपाकको स्थिति नभएर भाववर्गमा नै सीमित रहन पुग्दा भावशबलता हुन्छ । विश्वेश्वरप्रसाद कोइरालाको 'मधेसतिर' कथामा भावशबलताको स्थिति देखिएको छ । यस कथामा कुनै पनि रस परिपाकावस्थामा नपुगेको तर भाव भने सुदृढ अवस्थामा रहेको पाइन्छ । यहाँ रति, शोक, विस्मय, हास, क्रोध, घृणा जस्ता स्थायी भावहरू प्रभावकारी रूपमा आएका छन् । त्यस्तै प्रस्तुत कथामा आवेग, श्रम, औत्सुक्य, स्मृति, ग्लानि, दैन्य, चिन्ता, जडता आदि सञ्चारी भावहरूको पनि प्रभावकारी उपस्थिति देख्न सकिन्छ । यसरी भावहरूको शबलताले कथालाई आकर्षक तुल्याएको छ । कथाकी पात्र विधवामार्फत् उल्लेखित भावहरूमध्ये धेरैजसो अभिव्यक्त भएका छन् भने बुढा, गोरे तथा कथाकारको वर्णनबाट समेत कतिपय भावशबलताको स्थिति प्रकट भएको देख्न सकिन्छ । समग्रमा मधेसतिर कथा भावशबलताको दृष्टिले ज्यादै महत्त्वपूर्ण देखिन्छ ।

## सन्दर्भ सामग्रीसूची

कोइराला, विश्वेश्वरप्रसाद (२०६६), *दोषी चश्मा* ( सातौँ संस्क.), साझा प्रकाशन ।

खनाल, शारदा (२०७९), मधेसतिर कथामा सीमान्तीयता, *त्रिभुवन जर्नल* (वर्ष १ अङ्क १), पृ. ४२–५० । https://www.nepjol.info/index.php/tribj/issue/view/3280

गडतौला, नारायण (२०७१), *रस र ध्वनि सिद्धान्त*, प्रगति पुस्तक प्रकाशन प्रा.लि. ।

गौतम, ध्रुवराज (२०८१), मधेसतिर कथाको रचनाविधान, *शोधसुधा* (वर्ष २ अङ्क २), पृ. ६१–७३) । https://doi.org/10.3126/ss.v2i2.69311

जगन्नाथ (सन् १९५५), *रसगङ्गाधरः*, चौखम्बा विद्या भवन ।

नगेन्द्र (सन् १९६४) , *रस–सिद्धान्त,* नेशनल पब्लिसिंग हाउस ।

भट्टराई, गोविन्दप्रसाद (२०७७) , *पूर्वीय काव्य सिद्धान्त* (दोस्रो संस्क.), नेपाल प्रज्ञा प्रतिष्ठान ।

भरतमुनि (२०६७), *भरतमुनिको नाट्यशास्त्र* (दोस्रो संस्क.), गोविन्दप्रसाद भट्टराई (अनु.), नेपाल प्रज्ञा प्रतिष्ठान ।

विश्वनाथ (सन् १९५७), *साहित्य दर्पण,* चौखम्बा विद्या भवन ।

शर्मा, सोमनाथ (२०५८) , *साहित्य प्रदीप*, विद्यार्थी पुस्तक भण्डार ।

श्रेष्ठ, दयाराम (सम्पा, २०६७), *नेपाली कथा भाग ४*, साझा प्रकाशन ।

*नेपाली विभाग, महेन्द्र बहुमुखी क्याम्पस, धरान ।*